# सूचनाको हक सम्बन्धी ऐन, २०६४

## को दफा ५ को उपदफा ३ र ४ बमोजिम प्रकाशित विवरण

आ.व. २०८१/८२ को असोज महिना सम्म

## वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय

धनगढी, कैलाली

## विषयसूची

| विषयवस्तु | पेज नं |
|---|---|
| १. कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. काम, कर्तव्य र अधिकार | १ |
| ३. कार्यालय सम्वन्धी विवरण | २ |
| ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा, जिम्मेवार पदाधिकारी, दस्तुर समय गुनासो सुन्ने अधिकारी | ३ |
| ५. सम्पादन गरेको काम सम्वन्धी विवरण | ५ |
| ६. आम्दानी खर्च तथा कारोबार सम्वन्धी विवरण | ७ |
| ७. सूचना अधिकारी र प्रमुख सम्वन्धी विवरण | ७ |
| ८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ८ |
| ९. सूचनाको हक कार्यान्वयनसँग सम्वन्धित विवरण | ८ |
| १०. अन्य विवरण | ८ |

नि. कार्यालय प्रमुख

## १. कार्यालयको स्वरूप र प्रकृति:

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मातहत तत्कालीन पाँच विकास क्षेत्रमा भारततिर मुख्य नाकाहरू भएको स्थानहरूमा वाणिज्य सम्बन्धी प्रशासनिक कार्य सञ्चालन गर्न र मन्त्रालय तथा विभागको नीति निर्देशन कार्यान्वयन गर्न पाँच विकास क्षेत्रमा एक/एक वटा कार्यालय सञ्चालन गर्ने नीतिअनुसार सुदूरपश्चिम विकास क्षेत्रमा वाणिज्य प्रशासन सम्बन्धी काम गर्न वाणिज्य कार्यालय धनगढीको नामबाट २०५० साल श्रावण १ गते कैलाली जिल्लाको धनगढी नगरपालिकामा स्थापना भई हाल २०७५ श्रावण महिना १ गतेदेखि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयको नामबाट कार्यालय सञ्चालन भइरहेको छ। साविकमा स्थानीय व्यापारको उद्देश्य राखी दर्ता हुने सबै प्राइभेट तथा साझेदारी फर्मको हकमा कैलाली जिल्ला र आयात निर्यातको उद्देश्य तथा इजाजत आवश्यकपर्ने फर्महरूका हकमा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरू कार्यालयको कार्यक्षेत्रभित्र पर्ने गरेकोमा प्रदेश संरचना स्थापना पश्चात स्थानीय व्यापारको उद्देश्यले दर्ता भएका तथा हुन आउने सबै व्यापारिक फर्महरु प्रशासनिक कार्य प्रदेश सरकारमा हस्तान्तरण कार्य भइसकेको छ । साथै सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरूको बजार अनुगमन गर्ने तथा उपभोक्ता हित संरक्षण गर्ने गरी यस कार्यालयका प्रमुखलाई निरीक्षण अधिकृत तोकी जिम्मेवारी समेत दिइएको छ।

## २. काम कर्तव्य र अधिकार:

वाणिज्य प्रशासन सञ्चालन, आपूर्ति व्यवस्थापन र उपभोक्ता हित संरक्षण गर्ने कार्यमा केन्द्रित रहेको यस कार्यालयको काम कर्तव्य र अधिकार तयार बमोजिम रहेका छन्।

- प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम फर्म दर्ताका लागि प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने, प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु गर्ने,
- साझेदारी फर्म ऐन, २०२० बमोजिम फर्म दर्ताका लागि प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी फर्म दर्ता स्वीकृत गर्ने प्रमाणपत्र जारी गर्ने, अभिलेख व्यवस्थापन गर्ने र नियमनका कार्यहरु गर्ने,
- दर्ता भएका सबै फर्महरूको आवधिक नवीकरण नामसारी, ठाउँसारी, उद्देश्य तथा पुँजी संशोधन गर्ने र खारेजी सम्बन्धी कार्यहरु गर्ने,
- कम्पनी ऐन अन्तर्गत दर्ता भई व्यापारमूलक उद्देश्य भएका कम्पनीहरुलाई आयात निर्यातका लागि व्यापार इजाजत प्रदान गर्ने,
- उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६, बजार अनुगमन निर्देशिका, २०७९ र अन्य प्रचलित नेपाल कानुनको अधिनमा रही उपभोक्ता हितका लागि बजार अनुगमनको कार्य गर्ने निरीक्षण अधिकृतको हैसियतले व्यवसायको अनुगमन, निरीक्षण, जाँचबुझ, खानतलासी, नमुना सङ्कलन र परीक्षण गराउने। आवश्यकता अनुसार कारोबार रोक्का राख्ने, अनुसन्धान तहकिकात गरी सरकारी वकिलको राय परामर्शमा सम्बन्धित अदालतमा मुद्दा दावी गर्ने, पुनरावेदन गर्ने,



नि. कार्यालय प्रमुख

- बजार अनुगमनबाट कैफियत देखिएका व्यवसायीहरुलाई प्रचलित अन्य नेपाल कानुन बमोजि कारवाही गर्नुपर्ने देखिएमा प्रारम्भिक अनुसन्धान तहकिकातका लागि सम्बन्धित नियामक निकाय आवश्यक कारबाहीका लागि अनुरोध गरी पठाउने,
- उपभोक्ता हितका लागि विभिन्न नियामक निकायहरूबीच समन्वय र सहकार्य गर्ने,
- आम उपभोक्ता एवं विद्यार्थीहरूलाई लक्षित गरी उपभोक्ता शिक्षा तथा जागरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी उपभोक्ताहरूमा जागरुकता ल्याउने र उपभोक्ता हित प्रवर्धन गर्ने,

## ३. कार्यालय सम्बन्धी विवरण

### ३.१ कार्यालयको भौतिक अवस्था र अवस्थिति

- जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं. १ मा जिल्ला हुलाक कार्यालय अगाडी कार्यालय अवस्थित रहेको छ ।
- कार्यालयको भवन तथा भवनले चर्चेको जग्गा आफ्नो स्वामित्वमा रहको तर पूरानो भएको र प्रतिदिन जिर्ण बन्दै गएको हुँदा पून: निर्माण गर्न आवश्यक देखिएको छ ।

### ३.२ यस कार्यालयको स्वीकृत दरबन्दी तथा पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ

| सि.नं. | पद, श्रेणी | कुल संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख, रा.प. द्वितीय | १ | १ | विभागमा कामकाज गर्न तोकिएको |
| २ | शाखा अधिकृत, रा.प. तृतीय | १ | १ | |
| ३ | नायव सुब्बा, रा.प. अनं. प्रथम | २ | ३ | १ जना सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त सरुवा भैसकेको रमाना हुन बाकी |
| ४ | लेखापाल, रा.प. अनं. प्रथम | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर, रा.प. अनं. प्रथम | १ | १ | |
| ६ | खरिदार, रा.प. अनं. द्वितीय | १ | १ | |
| ७ | कार्यालय सहयोगी | २ | २ | |
| ८ | हलुका सवारी चालक | १ | १ | अस्थायी दरबन्दी करार |

### ३.३ हाल कार्यरत कर्मचारी

| सि.नं. | पद, श्रेणी | कर्मचारीको नाम, थर | सेवा समूह | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा अधिकृत, रा.प. तृतीय | सुरेश प्रसाद जैसी | प्रशासन/ सा.प्र. | |
| २ | नायव सुब्बा, रा.प. अनं. प्रथम | तारामान रावल | प्रशासन/ सा.प्र. | |
| ३ | नायव सुब्बा, रा.प. अनं. प्रथम | नरराज पाण्डे | प्रशासन/ सा.प्र. | |
| ४ | नायव सुब्बा, रा.प. अनं. प्रथम | लिलाधर जोशी | प्रशासन/ सा.प्र. | रमाना हुन बा |
| ५ | लेखापाल, रा.प. अनं. प्रथम | पुष्पा भट्ट | प्रशासन/ लेखा | |
| ६ | कम्प्युटर अपरेटर, रा.प.अनं. प्रथम | योगिता पुजारा | विविध | |
| ७ | खरिदार, रा.प. अनं. द्वितीय | चन्दा भण्डारी | प्रशासन/ सा.प्र. | |
| ८ | कार्यालय सहयोगी | प्रेमनाथ चौधरी | प्रशासन/ सा.प्र. | |
| ९ | कार्यालय सहयोगी | फिर बहादुर चौधरी | प्रशासन/ सा.प्र. | |
| १० | हलुका सवारी चालक | विक्रम थापा | प्रशासन/ सा.प्र. | अस्थायी दरबन्दी |



नि. कार्यालय प्रमुख

# ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा, जिम्मेवार पदाधिकारी, दस्तुर, समय, गुनासो सुन्ने अधिकारी

| सि.नं | सेवाको प्रकृति | | सेवाग्राहीले पुऱ्याउनु पर्ने प्रकृया र पेश गर्नुपर्ने कागजातहरु | लाग्ने शुल्क / दस्तुर | लाग्ने समयावधि | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारीशाखा | गुनासो सुन्ने पदाधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | प्राइभेट फर्म सम्बन्धी कार्य (अन्तर्राष्ट्रिय व्यापार उद्देश्य राखी दर्ता हुनेछ) | दर्ता (रजिष्ट्रेशन) | १. निर्धारित ढाँचाको दरखास्त फाराम (रु. १०/- को टिकट सहित), कबुलियतनामा र पूँजीको स्रोत सम्बन्धी स्वघोषणा फाराम । *(दश लाख भन्दा बढी पूँजीको हकमा स्रोत पुष्टि हुने कागजातहरु समेत)*<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. सक्कल नागरिकता सहित व्यक्ति स्वयम् उपस्थित भै प्रतिलिपि रुजु हुने ।<br>४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।<br>५. विषयगत निकायबाट स्वीकृति लिनुपर्ने व्यवसाय (जस्तै औषधी, मनी चेन्जर, विषादीजन्य **आदि)को हकमा सम्बन्धित निकायको स्वीकृति/सिफारिस पत्र ।**<br>६. औषधी व्यवसाय दर्ताका लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।<br>७. विषादी जन्य व्यवसाय दर्ताका लागि सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र । | अधिकृत पुँजी — दर्ता दस्तुर — नविकरण दस्तुर<br>दश लाख सम्म — १,०००/- — १००/-<br>दश लाख भन्दा बढी पचास लाख सम्म — ५,०००/- — ५००/-<br>पचास लाख भन्दा बढी एक करोड सम्म — १०,०००/- — १,०००/-<br>एक करोड भन्दा बढी दश करोड सम्म — ५०,०००/- — ५,०००/-<br>**दश करोड भन्दा बढी जतै सुकै भएमा** — ७५,०००/- — ७,५००/- | राजस्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत (फर्म शाखा) | कार्यालय प्रमुख |
| | | नविकरण | १. तोकिएको ढाँचाको निवेदन (रु. १०/- को टिकट सहित) । (निवेदनमा प्रोप्राइटर स्वयम्ले हस्ताक्षर गरी अन्य व्यक्तिलाई पठाउन सकिने ।)<br>२. फर्म दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>३. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. UDIN सहितको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कारोबारको फाँटवारी (रु ५० लाख माथिको पूँजीको हकमा) ।<br>*(यसरी नविकरण गर्दा बहाल म्याद सकिए पश्चात ३ महिनासम्म उल्लेखित दस्तुरको दोब्बर दस्तुर, ३ महिनादेखि एक वर्ष सम्म तेब्बर दस्तुर, एक वर्षदेखि पाँच वर्षसम्म चार गुणा दस्तुर र सो भन्दा बढी दश वर्षसम्म पाँच गुणा दस्तुर लाग्नेछ ।)* | *साथै दर्ताका बखत उल्लिखित रकममा निवेदन दस्तुर बापत रु. १००/- थप लाग्नेछ ।*<br>• *नोटः महिला, दलित र विपन्न वर्गका व्यक्तिको नाममा फर्म दर्ता हुँदा दर्ता दस्तुरमा ५० प्रतिशत छुट हुनेछ ।* | राजस्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत (फर्म शाखा) | कार्यालय प्रमुख |
| | | संशोधन (विवरण संशोधन, पूँजी थप/घट, उद्देश्य थप वा संशोधन, ठाँउसारी, स्थानान्तरण, नामसारी, शाखा थप/घट, कारोबार थप/घट) | १. तोकिएको ढाँचाको निवेदन (रु. १०/- को टिकट सहित) ।<br>२. फर्म दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>३. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. UDIN सहितको लेखा परीक्षण प्रतिवेदन (रु ५० लाख माथिको पूँजीको हकमा) ।<br>५. फर्मको पूँजी बृद्धि गर्दा पूँजीको स्रोत सम्बन्धी स्वघोषणा फाराम । *(दश लाख भन्दा बढी पूँजीको हकमा स्रोत पुष्टि हुने कागजातहरु समेत)*<br>६. फर्मको नाम परिवर्तन गर्दा र प्रतिलिपि माग गर्दा पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति र सक्कल नागरिकता सहित प्रोप्राइटर स्वयम् उपस्थित हुनुपर्ने ।<br>७. नामसारीको हकमा नामसारी गरिदिने र गरिलिने व्यक्ति सक्कल नागरिकता सहित गरिलिनेले ३ (तीन) प्रति फोटो सहित स्वयम् उपस्थित हुनुपर्ने ।<br>८. प्राइभेट फर्मको धनीको मृत्यु भई नामसारी गर्नु पर्ने अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्र, हकवाला खुल्ने कागज, हकवालासगको नाता प्रमाणित कागज र अन्य हकवाला पनि भए निजहरुसंगको समेत नाता प्रमाणित कागज र निजहरुको मन्जुरीनामा । | संशोधन क्रियाकलाप — दस्तुर<br>फर्मको ठेगाना परिवर्तन, कारोवार संशोधन र शाखा थप/घट गर्दा प्रत्येकको — १००/-<br>फर्मको उद्देश्य थप — २००/-<br>प्रमाणपत्रको प्रतिलिपी — ३००/-<br>फर्मको पूँजी थप — हालको पूँजी अनुसार लाग्ने रकममा साविकको पूँजी कायम गर्दा बुझाएको रकम घटाई बाँकी हुन आउने रकम ।<br>नाम संशोधन — दर्ता दस्तुरको आधा रकम<br>हकवालामा नामसारी — फर्मको कायम भएको पूँजीको आधारमा नयाँ फर्म दर्ता गदा | राजस्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत (फर्म शाखा) | कार्यालय प्रमुख |
| | | खारेजी | १. तोकिएको ढाँचाको निवेदन (रु. १०/- को टिकट सहित) र कबुलियतनामा ।<br>२. फर्मको सक्कल प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र (PAN/VAT), अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र फर्मको पूँजी ५० लाख वा सो भन्दा बढी भए UDIN सहितको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।<br>३. सक्कल नागरिकता सहित सम्बन्धित व्यक्ति उपस्थित हुनुपर्ने ।<br>४. प्रोपराइटरको मृत्यु भएको हकमा मृत्यु दर्ता, नाता प्रमाणित । | फर्म खारेज गर्दा रु. १००/- दस्तुर लाग्ने छ। तर नविकरण हुन नसकेका फर्महरु खारेज गर्दा नियमानुसारकोबक्यौता रकम समेत बुझाउनु पर्नेछ । | राजस्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत (फर्म शाखा) | कार्यालय प्रमुख |
| २ | साझेदारी फर्म सम्बन्धी कार्य (अन्तर्राष्ट्रिय व्यापार उद्देश्य राखी दर्ता हुनेछ) | दर्ता (रजिष्ट्रेशन) | १. निर्धारित ढाँचाको दरखास्त फाराम, कबुलियतनामा र पूँजीको स्रोत सम्बन्धी स्वघोषणा फाराम । *(दश लाख भन्दा बढी पूँजीको हकमा स्रोत पुष्टि हुने कागजातहरु समेत)*<br>२. साझेदारहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>३. सक्कल नागरिकता सहित प्रत्येक साझेदार स्वयम् उपस्थित भै प्रतिलिपि रुजु हुने ।<br>३. साझेदारहरुको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।<br>४. विषयगत निकायबाट स्वीकृति लिनुपर्ने व्यवसाय (जस्तै औषधी, मनी चेन्जर, विषादीजन्य आदि)को हकमा सम्बन्धित निकायको स्वीकृति/सिफारिस पत्र । | अधिकृत पुजी — दर्ता दस्तुर — नविकरण दस्तुर<br>एक लाख सम्म — ६००/- — १००/-<br>एक लाख भन्दा बढी तीन लाख सम्म — २,०००/- — १२५/-<br>तीन लाख भन्दा बढी पाँच लाख सम्म — ४,०००/- — १५०/- | राजस्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत (फर्म शाखा) | कार्यालय प्रमुख |
| | | नविकरण | १. तोकिएको ढाँचाको निवेदन (रु. १०/- को टिकट सहित) ।<br>२. फर्म दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि । | पाँच लाख भन्दा बढी दश लाख सम्म — ७,५००/- — २००/-<br>दश लाख भन्दा बढी पचास लाख सम्म — १०,०००/- — २५०/- | राजस्व दाखिला | ना.सु./शाखा अधिकृत | कार्यालय प्रमुख |

२

नि. कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. ५० लाख वा सो भन्दा बढी पूँजी भएको फर्मको हकमा UDIN सहितको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।<br>(बहाल म्याद सकिएको ३५ दिनभित्र नविकरण गराईसक्नुपर्नेछ ।) | पचास लाख भन्दा बढी जति सुकै भएमा — १५,०००/- — ३००/-<br>फर्म दर्ता गर्दा उल्लिखित रकममा निवेदन दस्तुर वापत रु. १००/- थप लाग्नेछ । | भएको २ घण्टा भित्र | (फर्म शाखा) | |
| | साझेदारी फर्म सम्बन्धी कार्य | संशोधन ( विवरण संशोधन, पूँजी थप, उद्देश्य थप वा संशोधन, साझेदार नामसारी, ठेगाना परिवर्तन, शाखा थप/घट) | १. तोकिएको ढाँचाको निवेदन (रु.१० को टिकट सहित) ।<br>२. फर्म दर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपि ।<br>३. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. ५० लाख वा सो भन्दा बढी पूँजी भएको फर्मको हकमा UDIN सहितको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।<br>५. फर्मको पूँजी बृद्धि गर्दा पूँजीको स्रोत सम्बन्धी स्वघोषणा फाराम । *(दश लाख भन्दा बढी स्रोतको हकमा स्रोत पुष्टि हुने कागजातहरु समेत)*<br>६. फर्मको नाम परिवर्तन गर्दा र प्रतिलिपी माग गर्दा प्रोप्राइटरको पासपोर्ट साइजको फोटो १ (एक) प्रति ।<br>७. दफा संशोधनको सम्झौता पत्र | • फर्मको पूँजी वृद्धि गर्दा हालको पूँजी अनुसार लाग्ने रकममा साविकको पूँजी कायम गर्दा बुझाएको रकम घटाई बाँकी हुन आउने रकम ।<br>• नाम संशोधन गर्दा दर्ता दस्तुरको आधा रकम लाग्नेछ ।<br>• प्रमाणपत्रको प्रतिलिपिको रु. ३००/- दस्तुर लाग्नेछ ।<br>• उद्देश्य थप गर्दा रु. २००/- दस्तुर लाग्नेछ ।<br>• अन्य संशोधन गर्दा रु. १००/- दस्तुर लाग्नेछ । | राजश्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत<br>(फर्म शाखा) | कार्यालय प्रमुख |
| | | खारेजी | १. तोकिएको ढाँचाको निवेदन (रु. १०/- को टिकट सहित) र कबुलियतनामा ।<br>२. फर्मको सक्कल प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र (PAN/VAT), अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र फर्मको पूँजी ५० लाख वा सो भन्दा बढी भए UDIN सहितको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।<br>३. सक्कल नागरिकता सहित सम्बन्धित व्यक्ति उपस्थित हुनुपर्ने ।<br>४. प्रोपराइटर मृत्यु भएको हकमा मृत्यु दर्ता, नाता प्रमाणित । | रु. १००/-<br>(तर नविकरण हुन नसकेका फर्महरु खारेज गर्दा नियमानुसारको जरिवाना तथा बक्यौता रकम समेत बुझाउनु पर्नेछ ।) | राजश्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत<br>(फर्म शाखा) | कार्यालय प्रमुख |
| ३ | कम्पनीको व्यापार अनुमती सम्बन्धी कार्य | कम्पनीको व्यापार अनुमती | १. तोकिएको ढाँचाको निवेदन । (रु.१०/- को टिकट सहित)<br>२. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>३. कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि (कम्पनीको प्रकृति व्यापारमूलक हुनुपर्ने ) ।<br>४. सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।<br>५.शेयर लगत र दर्ता किताबको प्रमाणित प्रतिलिपि ।<br>६. दुई वा दुई भन्दा बढी सञ्चालक भएमा वाणिज्य सम्बन्धी कार्य र प्रमाण पत्रमा फोटो टास सम्बन्धमा सञ्चालक समितिको निर्णय कागज (निर्णयानुसारको सञ्चालक सक्कल नागरिकताका साथमा स्वयम् उपस्थित हुनुपर्ने ।<br>७. फोटो टास हुने सञ्चालकको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।<br>८. आयकर दर्ता प्रमाणपत्र (PAN/VAT) को प्रतिलिपि<br>९. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>१०. अघिल्लो आ.व.को कम्पनी अद्यावधिक गरेको पत्र ।<br>११. विषयगत निकायबाट स्वीकृति लिनुपर्ने व्यवसाय (जस्तै औषधी, मनी चेन्जर, विषादीजन्य आदि)को हकमा सम्बन्धित निकायको स्वीकृति/सिफारिस पत्र । | अधिकृत पुंजी — दस्तुर<br>दश लाख सम्म — १,०००/-<br>दश लाख भन्दा बढी पचास लाख सम्म — ५,०००/-<br>पचास लाख भन्दा बढी एक करोड सम्म — १०,०००/-<br>एक करोड भन्दा बढी दश करोड सम्म — ५०,०००/-<br>दश करोड भन्दा बढी जतै सुकै भएमा — ७५,०००/-<br>*साथै उल्लिखित रकममा निवेदन दस्तुर वापत रु. १००/- थप लाग्नेछ ।* | राजश्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत<br>(फर्म शाखा) | कार्यालय प्रमुख |
| | | कम्पनीको व्यापार अनुमती **नविकरण तथा** संशोधन | १. तोकिएको ढाँचाको निवेदन । (रु.१०/- को टिकट सहित)<br>२. दुई वा दुई भन्दा बढी सञ्चालक भएमा वाणिज्य सम्बन्धी कार्य सम्बन्धमा सञ्चालक समितिको निर्णय कागज (निर्णयानुसारको सञ्चालक स्वयम् उपस्थित हुनुपर्ने ।<br>३. अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>**४. अघिल्लो आ.व.को कम्पनी अद्यावधिक गरेको पत्र ।**<br>*(साथै संशोधन, थप वा परिवर्तन भएको भए कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि, थपिएका सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र शेयर लगत र दर्ता किताबको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।)* | • नविकरणको हकमा हालको पूँजी अनुसार लाग्ने व्यापार अनुमती दस्तुरको १० प्रतिशत रकम ।<br>• संशोधनको हकमा प्राईभेट फर्म बमोजिमको दस्तुर लाग्नेछ । | राजश्व दाखिला भएको २ घण्टा भित्र | ना.सु./शाखा अधिकृत<br>(फर्म शाखा) | कार्यालय प्रमुख |
| ४ | उपभोक्ता गुनासो, उजुरी दर्ता | | कार्यालयलाई कुनै माध्यमबाट जानकारी गराए हुने (उजुरीकर्ताको नाम ठेगाना गोप्य रहने )<br>कार्यालयको फोन नं. ०९१-५२०६१२, ५२४५७६<br>वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोल फ्रि नं.: ११३७<br>इमेल : dockailali7@gmail.com | कुनै दस्तुर नलाग्ने | तत्काल | ना.सु./शाखा अधिकृत | कार्यालय प्रमुख |
| ५ | बजार अनुगमन, निरीक्षण तथा कारवाही | | बजार अनुगमन तालिका अनुसार<br>प्राप्त उजुरीका आधारमा | कुनै दस्तुर नलाग्ने | | ना.सु./शाखा अधिकृत | कार्यालय प्रमुख |

५. सम्पादन गरेका कार्य सम्बन्धी विवरण

५.१ आ. व. २०८१/८२ असोज मसान्त सम्ममा यस कार्यालयमा दर्ता तथा नियमन भएका वाणिज्य व्यवसाय सम्बन्धी गरेको कार्य प्रगति विवरण यस प्रकार छ ।

| क.सं. | विवरण | कुल जम्मा | | कैफियत |
|---|---|---|---|---|
| | | संख्या | प्राप्त राजश्व | |
| १ | प्राईभेट फर्म दर्ता | १४ | २५४०० | |
| | प्राईभेट फर्म नविकरण | ५३ | ८७२०५ | |
| | प्राईभेट फर्म संशोधन | ७३ | ३५१०० | |
| | प्राईभेट फर्म खारेज | २ | २०० | |
| | प्राईभेट फर्म प्रतिलिपि | ८ | २२०० | |
| | प्राईभेट फर्म स्थानान्तरण | ० | ० | |
| २ | साझेदारी फर्म दर्ता | ० | ० | |
| | साझेदारी फर्म नविकरण | ७ | २१५० | |
| | साझेदारी फर्म संशोधन | २ | ३०० | |
| | साझेदारी फर्म खारेज | ० | ० | |
| | साझेदारी फर्म प्रतिलिपि | १ | ३०० | |
| | साझेदारी फर्म स्थानान्तरण | ० | ० | |
| ३ | कम्पनीफर्म दर्ता | ६ | १३०६०० | |
| | कम्पनी फर्म संशोधन | १ | ५१०० | |
| ४ | दण्ड जरिवाना | ८ | ४२००० | |
| | कुल जम्मा | १७५ | ३३०५५५ | |
| ५ | बजार अनुगमन फर्म संख्या | २३० | | |

नि. कार्यालय प्रमुख

५.२

बजार अनुगमन तथा निरीक्षणको विवरण/प्रतिवेदन: यस आर्थिक वर्षको हालसम्मको बजार अनुगमन तथा निरीक्षणको क्रममा व्यवसायीलाई भएको कारवाहीको विवरण र संख्या देहाएबमोजिम रहेको छ ।

| सि. न. | विषयगत क्षेत्र | अनुगमन भएका फर्म संख्या | सामान्य अवस्था मा रहेको | सामान्य कैफियतमात त्कालै सुधार गराइएको वा सुधार गर्न निर्देशन दिएको | खान अयोग्य वाम्याद सकिएकोले तत्कालै नष्ट गर्न लगाइएको रकम (रु) | आवश्यक कागजात वास्पष्टीकरण पेश/बयान गर्न बोलाएको | जरिवाना गरिएको फर्म संख्या | जरिवाना रकम (रु) | परीक्षण का लागिव स्तुको नमूना लिइएको | कारोबार रोक्का वाशिलब न्दी गरिएको | व्यक्ति वा साधननिय न्त्रणमा लिईएको | अभियोजन मालगिएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खाद्य तथा किराना | ११० | २३ | ६६ | ८६८५३ | १४ | ७ | ३२००० | – | – | – | – |
| २ | मदिरा पसल | ५ | २ | ३ | ७०० | – | – | – | – | – | – | – |
| ३ | होटल तथारेष्टुरेन्ट | २९ | ४ | २० | – | ५ | – | – | – | – | – | – |
| ४ | हार्डवेयर | ९ | ९ | – | – | – | – | – | – | – | – | – |
| ५ | फार्मेसीतथा स्वास्थ्य संस्था | ३ | २ | – | – | १ | – | – | – | – | – | – |
| ६ | तरकारी तथाफलफुल | १४ | ३ | ३ | ५७०० | ८ | – | – | – | – | – | – |
| ७ | माछामासु | ७ | १ | ५ | – | १ | – | – | – | – | – | – |
| ८ | सुन चाँदीपसल | १४ | ५ | ६ | – | ३ | – | – | – | – | – | – |
| ९ | फेन्सी तथाकस्मेटिक पसल | ९ | २ | ४ | – | ३ | – | – | – | – | – | – |
| १० | साना तथामझौला उद्योग | १ | – | – | – | १ | – | – | – | – | – | – |
| ११ | डेरी तथा मिठाई पसल | १४ | १ | १२ | – | – | १ | १०००० | – | – | – | – |
| १२ | मोवाइल तथाइलेक्ट्रोनिक | २० | – | – | – | २ | – | – | – | – | – | – |
| १३ | पेट्रोलपम्प | – | – | – | – | – | – | – | – | – | – | – |
| १६ | एग्रोभेट | १ | – | १ | – | – | – | – | – | – | – | – |
| १७ | अन्य | ११ | ३ | ६ | – | २ | – | – | – | – | – | – |
| जम्मा | | २३० | ५५ | १२७ | ९३२५३ | ४० | ८ | ४२००० | – | – | – | – |

६.१ राजस्व र आम्दानीको विवरण

| सि.नं. | राजस्व शिर्षक नं. | राजस्व शिर्षक | जम्मा रकम |
|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३,३०५।- |
| २ | १४२५१ | कम्पनी रजिष्ट्रेशन दस्तुर | २,८५,२५०।- |
| ३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४२,०००।- |
| ४ | १४२२६ | आयात निर्यात इजाजत पत्र दस्तुर | - |
| ४ . | १५१११ | बेरुजु | - |
| | | जम्मा रकम | ३,३३,५५०।- |

६.२ खर्च सम्बन्धी विवरण

| | जम्मा | खर्च | बाँकी | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| चालु तर्फ | १,२७,००,०००/- | १८६००३३/२० | १०८३९९६६।८० | १४.६५% | |
| पुँजीगत तर्फ | २०,२०,०००/- | - | २०,२०,०००/- | - | |
| कुल जम्मा | १,४७,२०,०००/- | १८६००३३/२० | १,२८,५९,९६६।८० | १२.६४% | |

७. सूचना अधिकारी र प्रमुख सम्बन्धी विवरण

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नाम, थर : तारामान रावल | नाम, थर : सुरेश प्रसाद जैसी |
| पद : नायव सुब्बा | पद : शाखा अधिकृत |
| सम्पर्क नम्बर : ९८५८४८६३१४<br>९८६५७४२१४२ | सम्पर्क नम्बर : ९८४८४७५१६५,<br>९८५८४८७०९९ |

नि. कार्यालय प्रमुख

८. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१३ र नियमावली, २०३४
- साझेदारी ऐन, २०२०
- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र नियमहरु, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६
- बजार अनुगमन निर्देशिका, २०७९
- वाणिज्य दिग्दर्शन, २०७०
- प्राईभेट फर्म सम्बन्धी मापदण्ड, २०७१

९. सूचनाको हक कार्यान्वयनसँग सम्बन्धित विवरण :

१. चालु आर्थिक वर्षमा लिखित रुपमा सूचना माग नभएको ।

२. कार्यालयको फोन नं र मोबाइल वाट माग भएको सूचनाको तत्काल सूचना दिइएको ।

१०. अन्य विवरण

- निकायको वेवसाईट : www.dhangadhi.doc.gov.np
- ईमेल : dockailali7@gmail.com
- सम्पर्क नम्बर : ०९१-५२४५७६, ५२०६१२
- फेसबुक पेज : https://www.facebook.com/profile.php?id=100083516738345

नि. कार्यालय प्र